नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

फोन नं. ४२११६६६
४२११६३२
४२११८५२
४२११८४३
४२००२३१
४२११६६४
फ्याक्स: ४२३२२६२
४२११६४५
सिंहदरबार, काठमाडौं

# प्रेस विज्ञप्ती

देशभर ठूलो संख्यामा रहेका वचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाहरुबाट पछिल्लो समयमा ठूला ठूला बचत स्वीकार गर्ने र जोखिमयुक्त लगानी गर्ने प्रवृत्तिमा वृद्धि हुँदै गई सहकारी संस्थाका सदस्य तथा वचतकर्ताहरुको वचत फिर्ता हुन नसकी सहकारी संस्थाहरुमा गम्भीर समस्या सिर्जना हुन गएको र यसबाट समग्र सहकारी क्षेत्रका अतिरिक्त सम्पूर्ण वित्तीय क्षेत्र नै प्रभावित हुन सक्ने जोखिम बढ्दै गएकोले यस क्षेत्रको समस्या समाधानको लागि अर्को व्यवस्था नभएसम्म महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकालाई कार्यक्षेत्र वनाई वचत तथा ऋणको मुख्य कारोवार गर्ने गरी संघ, प्रदेश र स्थानीय तहबाट कुनै पनि प्रकृतिको सहकारी सस्थाको दर्ता, कार्यक्षेत्र विस्तार तथा सेवा केन्द्रको स्वीकृतिमा रोक लगाउने गरी नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०८०/७/२३ मा निर्णय भएको वेहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

२०८०।७।२८

(गणेशप्रसाद भट्ट)
सहसचिव/प्रवक्ता

CS Scanned with CamScanner

नेपाल सरकार
राष्ट्रिय सहकारी नियमन प्राधिकरण
National Cooperatives Regulatory Authority (NCRA)
(स्थापना-२०८१)

Website www.ncra.gov.np
फोन नं. ०१-५०१०१३१
०१-५०१०२३७
E-mail:
admin@ncra.gov.np
info@ncra.gov.np
पुल्चोक, ललितपुर

पत्र संख्या :
चलानी नं. :

राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर, नेपाल ।
नेपाल सरकार

मितिः २०८२/०८/१०

**बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरूले कर्जा सूचना केन्द्र लिमिटेडको सदस्यता लिने सम्बन्धी राष्ट्रिय सहकारी नियमन प्राधिकरणको अत्यन्त जरुरी सूचना!!**

सहकारी ऐन, २०७४ (संशोधन सहित) को दफा ८१ ले बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले प्रचलित कानुन अनुसार स्थापना भएको कर्जा सूचना केन्द्रको सदस्यता प्राप्त गरी कर्जा कारोबार सम्बन्धी सूचना नियमित रूपमा आदानप्रदान गर्नुपर्ने व्यवस्था रहेको छ। सोही अनुसार बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरूलाई कर्जा सूचना केन्द्र लिमिटेडसँग आबद्ध गराउन आवश्यक प्राविधिक तथा कार्यगत तयारी र सहजीकरणकालागि राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट कर्जा सूचना केन्द्र लिमिटेडसँग चरणवद्दरुपमा गरिएका बैठक तथा छलफल एवं मिति २०८२/०७/२८ गते प्राधिकरणको सभाहलमा प्राधिकरणको व्यवस्थापन,कर्जा सूचना केन्द्र लि. र सहकारी अभियानका प्रतिनिधिहरूवीच गरिएको कर्जा सूचना केन्द्र लिमिटेडको सदस्यता प्राप्त गर्ने प्रक्रिया, तथ्यांक व्यवस्थापन प्रणाली र ऋण कारोबारसम्बन्धी सूचना आदानप्रदानको अभिमुखीकरण कार्यक्रम पश्चात कर्जा सूचना केन्द्रले बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थालाइ सदस्यताकालागि आवश्यक सहजीकरण गरिदिनका लागि प्राधिकरणसमक्ष आग्रह गरेको समेतका आधारमा राष्ट्रिय सहकारी नियमन प्राधिकरणको मिति २०८२ मङ्सिर ९ गते सम्पन्न प्राधिकरण बोर्ड बैठकले बचत तथा ऋणको मुख्य कारोबार गर्ने सम्पूर्ण सहकारी संस्थाहरूलाई कर्जा सूचना केन्द्रमा आवद्धताका लागि आह्वान गर्ने निर्णय गरेको हुँदा सोही मुताबिक सरोकार राख्ने सम्पूर्ण सहकारी संस्थाहरू अनिवार्य रूपमा कर्जा सूचना केन्द्रमा सदस्यताका लागि केन्द्रले सूचना जारी गरेपछि आवेदन दिइ आवश्यक प्रक्रिया पूरा गरेर सदस्यता प्राप्त गर्नुहुन सूचित गरिन्छ। साथै सम्पूर्ण बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरूलाई सदस्यता प्रदान गर्नुहुन कर्जा सूचना केन्द्रलाई समेत अनुरोध गरिन्छ।

<u>सम्पर्क व्यक्तिहरु:</u>

राष्ट्रिय सहकारी नियमन प्राधिकरण: श्री अभिशेष दाहाल, सूचना प्रविधि अधिकृत, (सम्पर्क नं: ९८४२५२९२९१।
कर्जा सूचना केन्द्रः श्री शुभद्रश्री राजभण्डारी (सम्पर्क नं: ९८५१२१४१५१।

२०८२/८/१०

डा. शेषनारायण पौडेल
(कार्यकारी निर्देशक)